# मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या:- ०७५/०७६
चलानी नम्बर : १०५४

पातिचौर,पर्वत
गण्डकी प्रदेश, नेपाल

मिति २०७६/१/२

श्री वडा कार्यालय सवै
मोदी गाउँपालिका पर्वत ।

विषय- जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयका सम्वन्धमा १६ - ४० वर्ष उमेर समूहका नेपाली युवाहरुवाट ब्यवसायिक उद्यम संञ्चालन गर्नका लागि प्रस्तावको दरखास्त दिने सूचना २ प्रति यसै पत्र साथ संलग्न राखि पठाईएको ब्यहोरा जानकारी गराईन्छ ।

कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

# मोदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या:- ०७५/०७६
चलानी नम्बर :- १०५१

पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

मिति: २०७६/०१/०२

**१६ - ४० वर्ष उमेर समूहका नेपाली युवाहरुबाट व्यवसायिक उद्यम सञ्चालन गर्नका लागि प्रस्तावको दरखास्त दिने सूचना**

यस गाउँपालिकाको युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७५ अनुसार यस गाउँपालिकाभित्रका **१६ - ४० वर्ष उमेर समूहका वेरोजगार नेपाली युवाहरुबाट व्यवसायिक उद्यम सञ्चालन** गर्न चाहने इच्छुक युवा उद्यमी समूह वा संस्थाले देहाय अनुसारको विवरण सहित यो सूचना प्रकाशन भएको मितिले १५ ( पन्ध्र) दिन ( २०७६ बैशाख १६ गतेभित्र) यस गाउँपालिकाको कार्यालयमा आफ्नो व्यवसायिक उद्यम प्रस्ताव सहितको निवेदन दिनुहुन सम्बन्धीत सबै सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि यस गाउँपालिकाको वेवसाइड www.modimun.gov.np वा यस गाउँपालिकामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

साथै प्रस्ताव स्वीकृत भई ऋण प्राप्त गर्ने युवा उद्यमी समुहले व्यवसायिक प्रस्तावको कुल बजेटको २० प्रतिशत बरावरको रकम युवा उद्यमी समुहको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट कुनै बैंक वा वित्तीय संस्थामा खाता सञ्चालन गरि उक्त खातामा अग्रिम जम्मा गरी सोको बैंक भौचर गाउँपालिकामा पेश गर्नु पर्नेछ। सम्झौता भई सकेपछि पहिलो किस्ता ५० प्रतिशत रकम र सम्झौता बमोजिम उद्यमको कार्य प्रगतिको आधारमा बाँकी ५० प्रतिशत रकम सम्बन्धित युवा उद्यमी समुहको खातामा गाउँपालिकाले स्थलगत अनुगमन गरे पश्चात उपलब्ध गराउनेछ। तर उद्यमको प्रकृति हेरी एकै पटक रु. ५,००,००० ( रु. पाँच लाख) उपलब्ध गराउन पनि सक्नेछ। गाउँपालिकाले व्यवसायिक योजना अनुसार बढीमा रु. ५,००,००० ( अक्षरुपी पाँच लाख) सम्म उद्यम सञ्चालनको लागि कार्ययोजनामा उल्लेख भए अनुसार आवश्यक पर्ने प्रविधि व्यवस्थापनको लागि विना ब्याज ऋण उपलब्ध गराउनेछ। युवा उद्यमी समुहले प्राप्त गरेको रकम एक वर्षसम्म पूर्णरुपमा परिचालन गर्न पाउनेछ। कुल ऋण रकमको दोस्रो वर्ष दश प्रतिशत, तेस्रो वर्ष बीस प्रतिशत, चौथो वर्ष तीस प्रतिशत र पाँचौ वर्ष चालीस प्रतिशत रकम गरी गाउँपालिकाले तोकेको युवा उद्यम विकास घुम्ती कोष खातामा फिर्ता गर्नुपर्ने छ। यदि युवा उद्यमी समुहले दोस्रो वर्षदेखि माथि तोकिएको न्यूनतम रकम बाहेक बढी रकम तोकिएको समय अगावै फिर्ता गर्न चाहेमा फिर्ता गर्न सक्नेछ।

कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

# मोदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- ०७५/०७६
चलानी नम्बर :- १०५२

### निवेदक साथ पेश गर्नुपर्ने कागजातहरु :

१. एउटै वडाको १६ देखि ४० वर्ष उमेरका ( कम्तीमा पनि ५० प्रतिशत महिला )को सूची थान १

२. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि थान १

३. पाँच वर्षे व्यवसायिक योजना ( व्यवसायिक उद्यम कृषी, वन, पशुपंक्षी, विज्ञान, सूचना प्रचार, कला संस्कृति, पर्यटन प्रवर्द्धन, निर्माण आदि स्थानीय स्रोत साधनमा आधारित हुनुपर्नेछ ।) थान १

४. व्यवसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरुको नागरिकताको प्रतिलिपी

५. व्यवसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरुको माथिल्लो शैक्षिक प्रमाण पत्रको प्रतिलिपी ( कम्तीमा आधारभूत तह कक्षा ८ उत्तिर्ण गरेको हुनुपर्ने छ ।)

६. व्यवसायिक उद्यम सञ्चालन गर्नका लागि आवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपी थान १

७. तालिम प्राप्त भए प्रमाण पत्रको प्रतिलिपी

८. स्थायी लेखा नम्बरको प्रतिलिपी

९. गत आ.व.को लेखा परिक्षणको प्रतिवेदन

....................
कुमान सिंह गुरुङ
प्रमुख प्रशासकिय अधिकृत

कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत